**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०७ मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- देशले आज पहलगाम आतंकी हमलाको जवाफमा शुरू गरिएको अपरेशन सिंदूरको पहिलो वार्षिकी मनाई रहेको छ।प्रधानमंत्री नरेन्द्र मोदीले अपरेशन सिंदूरको पहिली वार्षिकीमा सशस्त्र बलको शौर्यलाई नमन गर्नुभयो। प्रधानमंत्रीले आतंकवाद र यसलाई बढ़ावा दिने तंत्रलाई नष्ट गर्ने राष्ट्रको प्रतिबद्धता दोहराउनुभएको छ।
- पश्चिम बंगालमा भाजपा सरकारको शपथ ग्रहण समारोह शनिवार कोलकाताको ब्रिगेड परेड ग्राउंडमा हुनेछ।पश्चिम बंगालमा भाजपा नेता शुभेन्दु अधिकारीका निजी सहायक चन्द्रनाथ रथको हत्याको सम्बन्धमा राज्य पुलिसले तीन जनालाई पक्राउ गरेको छ।
- पुलिसले हत्याको सम्बन्धमा सिलगढीको शिव मन्दिर निवासी विलियम जोसेफलाई हिरासतमा लिएर सोधपुछ गरेको छ।
- गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले रोहिणी स्थित टोल प्लाजालाई बन्द गर्ने घोषणा गर्दै आजदेखि कुनै पनि वाहनहरुबाट ट्याक्स उठाउन नदिने स्पष्ट पारेको छ।

**<u>अपरेशन सिन्दूर</u>**

**देशले आज अपरेशन सिन्दूरको पहिलो वार्षिकी मनाईरहेको छ। गत वर्ष 7 मईमा भारतले अपरेशन सिन्दूर सुरु गरेको थियो,जस अन्तर्गत पाकिस्तान र पाकिस्तानको कब्जामा रहेको जम्मू कश्मीरमा आतंकवादीहरुको नौ ठेकानाहरूमा हवाई हमला गरेको थियो।त्यस हमलामा कम्तिमा एक सय आतंकी मारिएका थिए। यो कारबाही गत वर्ष वर्ष 22 अप्रैलमा पहलगाममा पर्यटकहरूमाथि भएको पाकिस्तान-प्रायोजित बर्बर आतंकी हमलाको भारतको कडा प्रतिक्रिया थियो। एक रिपोर्ट...**

**<u>मोदी अपरेशन सिन्दूर</u>**

प्रधानमंत्री नरेन्द्र मोदीले अपरेशन सिंदूरको पहिलो वार्षीकीमा सशस्त्र बलहरुको शौर्यलाई नमन गर्नुभएको छ। उहाँले आतंकवाद र यसलाई बढ़ावा दिने तंत्रलाई नष्ट गर्ने राष्ट्रको प्रतिबद्धता दोहोऱ्याउनुभयो। **सोशल मीडिया पोस्टमा श्री मोदीले भारतीय सशस्त्र बलले अपरेशनको क्रममा अतुलनीय साहस, सटीकता र दृढ संकल्प प्रदर्शन गरेको बताउनुभयो। उहाँले भन्नुभयो सुरक्षा बलले पहलगाममा निर्दोष नागरिकहरूमाथि हमला गर्नेहरूलाई उचित जवाफ दियो।आफ्नो संस्कृत श्लोक सुभाषितममा, प्रधानमन्त्रीले भन्नुभयो अपरेशन सिन्दूरमा भारतले हासिल गरेको असाधारण विजय देशका बहादुर सैनिकहरूको उल्लेखनीय वीरता र देशभक्तिको एक प्रेरक उदाहरण हो।**

**<u>बाईट</u>**

**<u>विनय न मानत जलधि जड़, गए तीनि दिन बीति</u>**

**<u>बोले राम सकोप तब, भय बिनु होइ न प्रीति...</u>**

**हो श्रोताहरू, यो एकदम ठीक भनिएको छ कि , भय बिना प्रीति सम्भव हुँदैन ठीक यस्तै भयो भारतीय सशस्त्र बलको अद्भुत साहस र शौर्यको प्रतीक अपरेशन सिन्दूरमा ।**

**जब भारतीय सैन्य बलका बहादुर सिपाहीहरूले पाकिस्तान र पाकिस्तानको अवैध कब्ज़ामा रहेको जम्मू कश्मीरमा आतंकवादी ठेकानाहरु र आतंकी नेटवर्कको जरा हल्लाउने सटीक र निर्णायक कारबाही गरे। गत वर्ष, 6-7 मईको राति, भारतले अपरेशन सिन्दूर सुरु गरेको थियो। यस अपरेशनमा लगभग एक सय आतंकवादी मारिएका थिए। सिन्दूर नाम आफैमा प्रतीकात्मक छ।भारतीय संस्कृतिमा, सिन्दूरलाई सम्मान, सुरक्षा र अस्मिताको प्रतीक मानिन्छ। त्यसैले, त्यस अभियानको नाम अपरेशन सिन्दूर राखिएको थियो।अपरेशन सिन्दूरले भारतको सैन्य क्षमता, तकनीकी दक्षता र त्वरित निर्णय लिने क्षमता प्रदर्शन गर्‍यो।यो अभियान भारतीय सशस्त्र बलके साहस, अनुशासन र राष्ट्रभक्तिको उत्कृष्ट उदाहरण हो।**

**तस्मात्त्वमुत्तिष्ठ यशो लभस्व जित्वा शत्रून् भुङ्क्ष्व राज्यं समृद्धम्।**
**मयैवैते निहताः पूर्वमेव निमित्तमात्रं भव सव्यसाचिन्॥**

**अपरेशन सिन्दूर सन्देश**

**राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, रक्षामंत्री राजनाथ सिंह र कैयन अन्य मंत्रीहरुले अपरेशन सिंदूरमा सशस्त्र बलको शौर्यको सराहना गर्नुभएको छ। राष्ट्रपति द्रौपदी मुर्मुले अपरेशन सिन्दूरलाई आतंकवाद ,देशको संप्रभुता तथा नागरिकहरूको सुरक्षालाई खतरामा पार्ने सबै शक्तिहरू विरुद्धको अटूट संकल्पको निर्णायक प्रमाण भनि बताउनुभयो। उपराष्ट्रपति सी.पी. राधाकृष्णनले अपरेशन सिन्दूरलाई एउटा निर्णायक क्षण बताउनुभयो जब भारतले शान्ति, एकता र संप्रभुतालाई भंग गर्न खोज्ने आतंकी संगठनहरू र आतंकवादलाई प्रायोजित गर्ने देशहरूलाई कडा प्रतिक्रिया दियो। गृहमंत्री अमित शाह र रक्षामंत्री राजनाथ सिंहले भारतीय सशस्त्र बलको शौर्य र बलिदानलाई नमन गर्नुभयो।**

**भारतीय सेना**

भारतीय सेनाले आज अपरेशन सिन्दूरको पहिलो वार्षिकीमा एक भिडियो जारी गरेको छ, यस वीडियोमा पाकिस्तान प्रायोजित आतंकवाद विरुद्ध भारतको सुनियोजित, सटीक र प्रभावकारी कारबाहीलाई दर्शाएको छ।

**बाइट- पीएम अपरेशन सिंदूर-**

**भाजपा शपथ ग्रहण**

**पश्चिम बंगालमा नवनिर्वाचित भाजपा सरकारको शपथ ग्रहण समारोह शनिबार कोलकाताको ब्रिगेड परेड ग्राउन्डमा रवीन्द्र जयन्तीको अवसरमा आयोजना हुनेछ।राज्य भाजपा अध्यक्ष शमिक भट्टाचार्यले हिजो राज्य सचिवालय, नवन्नमा वरिष्ठ अधिकारीहरूका साथ बैठक गरि समारोहको तयारी र चुनाव पछिको हिंसा रोक्नका उपायहरू बारे छलफल गर्न बैठक गर्नुभयो।बैठकमा भाजपाका राष्ट्रीय महासचिव र राज्य प्रभारी सुनील बंसल, पार्टी नेता सौमित्र खान र ज्योतिर्मय सिंह महतो पनि उपस्थित हुनुहुन्थ्यो।शमिक भट्टाचार्यले भन्नुभयो पार्टीका नवनिर्वाचित विधायकहरूले भोलि आफ्नो संसदीय दलको नेताको चुनाव गर्ने छन्। शनिबार बिहान दस बजे हुने शपथ ग्रहण समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री अमित शाह र भाजपा शासित राज्यका कैयन मुख्य मन्त्रीहरू उपस्थित हुने अपेक्षा गरिएको छ।उहाँले**

**भन्नुभयो ममता बनर्जीले मुख्यमन्त्री पदबाट राजीनामा दिएनन भने पनि पूर्ण संवैधानिक प्रक्रिया अनुसार समारोह आयोजना गरिनेछ।**

**बाईट**

**बंगालको नयाँ मुख्यमन्त्री को हुने भन्ने बारेमा भइरहेको अड्कलहरुमा अन्ततः विराम लाग्न सक्छ। भोली साँझ न्यू टाउनको विश्व बांग्ला कन्भेन्सन सेन्टरमा बीजेपी विधानमंडल दलको पहिलो बैठक बोलाइएको छ।सोही बैठकमा, औपचारिक रूपमा विधानमंडल दलको नेताको चयन गरिने छ, अर्थात्, बंगालको नयाँ मुख्यमन्त्रीको ताज कसलाई लगाइनेछ भन्ने संकेत यो हाई प्रोफाइल बैठकमा हुन सक्छ। राजनीतिक दलको नजर यस कुरामा पनि केन्द्रित छ: बीजेपी विधानमंडल दलको नेताको चयनका लागि यस पटक केन्द्रीय गृहमन्त्री अमित शाह स्वयम कोलकातामा उपस्थित रहनुहुने। बीजेपी नेतृत्व सर्वसम्मतिले नेता चयन होस् भन्ने चाहन्छ। साथै सरकार बनाउ नुअघि आफ्ना विधायकहरूलाई एकजुट राख्न बारे सन्देश पनि पार्टीलाई दिन चाहन्छन्।**

**आकाशवाणी कोलकाताबाट अभिरूप भट्टाचार्यको रिपोर्टका साथ समाचार कक्षबाट म----------------------।**

**पश्चिम बंगाल - गिरफ्तारी**

पश्चिम बंगालमा भाजपा नेता शुभेन्दु अधिकारीका निजी सहायक चन्द्रनाथ रथको हत्याको सम्बन्धमा राज्य पुलिसले तीन जनालाई पक्राउ गरेको छ। पुलिसले सात सदस्यीय विशेष जांच दलको पनि गठन गरेको छ। हिजो राति हमलावरहरुले चंद्रनाथ रथलाई गोली हानी हत्या गरेका थिए।

यसैबीच, शुभेन्दु अधिकारीले भवानीपुर सिटमा ममता बनर्जी विरुद्धको जितले उनको सहयोगीको मृत्यु भएको आशंका व्यक्त गर्नुभएको छ।आज दिउँसो, चन्द्रनाथको शव पूर्वी मेदिनीपुरको चण्डीपुरस्थित उनको गाउँको लागि कोलकाताबाट प्रस्थान गरियो। शुभेन्दु अधिकारीले शोक व्यक्त गर्नुहुदै भन्नुहयो यदि उहाँले भवानीपुर चुनाव नजितेको भए, चन्द्रनाथ रथलाई यसरि निशाना बनाईने थिएन । शुभेन्दु अधिकारीले चन्द्रनाथ रथको परिवारलाई हत्याको पूर्ण अनुसन्धान गरिने, र दोषीहरू विरुद्ध आरोप तय गरेर कडा भन्दा कडा सजाय दिइने भरोसा दिनुभयो।

भाजपा राज्यसभा सदस्य राहुल सिन्हाले शुभेन्दु अधिकारीका निजी सहायक चन्द्रनाथ रथको हत्याको सीबीआई अनुसन्धानको माग गर्नुभएको छ। आज बिहान मध्यग्राममा पत्रकारहरूसँग कुरा गर्नुहुदै उहाँले, "यो राजनीतिक हत्या हो र यसको गहन अनुसन्धान भइरहेको बताउनुभयो | उहाँले टीएमसीको शासनकालमा सीबीआईले जाच गर्थ्यो र राज्य पुलिसले प्रमाण नष्ट गर्थ्यो, तर समय परिवर्तन भएको छ।" भनि बताउनुभयो |

**पश्चिम बंगाल - चंद्रनाथ हत्या**

पश्चिम बंगालमा भाजपा नेता, शुभेंदु अधिकारीका निजी सहायक, चंद्रनाथ रथको हत्या पछि राजनीतिक तनाव बढ़ेको छ। भाजपा प्रदेश अध्यक्ष, शमिक भट्टाचार्यले यसको कड़ी निंदा गर्दै यसलाई प्रतिशोध भावनाले भरिएको सुनियोजित र राजनीतिक हत्याको प्रयास हो भन्नुभयो। उहाँले भन्नुभयो चंद्रनाथ गैरराजनीतिक पृष्ठभूमिको व्यक्ति थिए। श्री भट्टाचार्यले उनको हत्या पछाड़ीको इरादा माथि प्रशन उठाउनुभयो।

**पश्चिम बंगाल-हत्याकांड**

पुलिसले भारतीय जनता पार्टीका नेता शुभेन्दु अधिकारीका निजी सहायकको हत्याको सम्बन्धमा सिलगढीको शिव मन्दिर निवासी विलियम जोसेफलाई हिरासतमा लिएर सोधपुछ गरेको छ। कोलकाताको मध्यम ग्राममा हिजो

राति भाजपा नेताका निजी सहायक चन्द्रनाथ रथको हत्याराहरूले उनको कारको नम्बर प्लेट प्रयोग गरेको आरोप छ।तीन घण्टाको सोधपुछ पछि, पुलिसले थप जाँचमा सहयोग गर्ने आश्वासनमा उनलाई रिहा गर्यो।
जोसेफले अनुसार उनले आफ्नो कार बेच्नको लागि अनलाइन विज्ञापन दिएका थिए र हत्याराहरूले उनको कारको रजिस्ट्रेश नम्बरको दुरुपयोग गरेको हुन सक्छ। पुलिस महानिदेशक सिद्धनाथ गुप्ताले पत्रकारहरूसितको कुराकानीमा हमलावरहरुले फर्जी कार नंबर प्लेट प्रयोग गरेको पुष्टि गरेका छन्। जांच जारी छ।

## आचार संहिता

असम, पश्चिम बंगाल, तमिलनाडु, केरलम र पुदुच्चेरी तथा अन्य राज्यहरुमा विधानसभा उपचुनावको बेला लागू आचार संहितालाई हटाईएको छ। आयोगले भनेको छ पश्चिम बंगालको फालता विधानसभा क्षेत्रमा फेरि मतदान हुनाले त्यहाँ आचार संहिता लागू रहनेछ। फालतामा मतदान 21 मईमा तथा मतगणना 24 मईमा गराईनेछ।

## रोहिणी टोल प्लाजा

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो) ले रोहिणी स्थित टोल प्लाजालाई बन्द गर्ने घोषणा गर्दै आजदेखि कुनै पनि वाहनहरुबाट ट्याक्स उठाउन नदिने स्पष्ट पारेको छ।

***पार्टी अनुसार यो सडक स्वर्गीय सुवास घिसिङको पहलमा सर्वसाधारण जनताको सहज आवागमनका लागि निर्माण गरिएको थियो, त्यसैले जनतामाथि अतिरिक्त आर्थिक भार थोप्न कार्य स्वीकार्य नहुने बताइएको छ।गोरामुमोले वर्तमान जीटीए प्रशासनले रोहिणी सड़कमा अवैध रूपमा ट्याक्स संकलन गरिरहेको आरोप लगाउँदै संकलित रकमको दुरुपयोग भइरहेको दाबी गरेको छ। पार्टीले अब उपरान्त कुनै पनि चालक तथा सर्वसाधारणले सो टोल प्लाजामा ट्याक्स नतिर्न अनुरोध समेत गरेको छ।यस विषयमा जानकारी दिंदै गोरामुमो खरसाङ महकुमा समिति अध्यक्ष निमा लामा लगायत युवा प्रतिनिधिहरूले जनहितविपरीत हुने कुनै पनि निर्णयको पार्टीले कडा विरोध गर्ने बताएका छन्। उनीहरूले रोहिणी सडक जनताको सम्पत्ति भएकाले जनतामाथि जबर्जस्ती कर थोपर्न नहुने धारणा व्यक्त गरेका छन्।गोरामुमोले जनताको पक्षमा निरन्तर आवाज उठाइरहने प्रतिबद्धता व्यक्त गर्दै आवश्यक परे थप आन्दोलनका कार्यक्रमसमेत अघि बढाइने संकेत दिएको छ।***

अर्को तर्फा गोरामुमोले आजदेखि रोहिणी टोल प्लाजा बन्द गरिदिएपछि त्यहाँ कार्यरत सत्रजना कर्मचारीहरूले यसको प्रतिक्रिया व्यक्त गर्दै अब बन्द गर्ने पार्टीले उनीहरूको रोजगारको व्यवस्था गरिनुपर्ने माग गरेका छन्।

## अनित थापा प्रतिक्रिया

विधान सभा चुनावपछि पहिलो पटक जीटीए प्रमुख कार्यपाल तथा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा (भागोप्रमो) का अध्यक्ष अनित थापाले एक पत्रकार सम्मेलनमा दार्जीलिङ पहाडमा शान्ति कायम राख्न सबै पक्षलाई आग्रह गर्नुभएको छ।उहाँले हार र जीत लोकतान्त्रिक प्रक्रियाको एउटा हिस्सा हो भन्दै पहाडको शान्ति र सद्भाव कुनै पनि अवस्थामा भंग हुन दिनु हुँदैन भनि बताउनुभयो। साथै उहाँले, भाजपाले जीटीएभन्दा ठूलो व्यवस्था ल्याए त्यसलाई स्वागत गर्ने बताउँदै संवैधानिक तथा गणतान्त्रिक प्रक्रियाको सम्मान गर्दै अघि बढ्ने धारणा व्यक्त गर्नुभएको छ।श्री थापाले गोर्खा जनमुक्ति मोर्चा (गोजमुमो) ले आगामी 14 मईमा लाल कोठी घेराउ कार्यक्रम घोषणा गरेको प्रसङ्गको प्रतिक्रिया दिनुहुदै सोही दिन भागोप्रमोले घुमदेखि शान्ति र्‍याली निकाल्ने जानकारी दिनुभयो। उहाँले पहाडमा शान्ति कायम राख्न आफ्नो दलले लामो समयदेखि संघर्ष गर्दै आएको बताउँदै कुनै पनि प्रकारको डर र अशान्तिको वातावरण सिर्जना हुन नदिने स्पष्ट पार्नुभयो।

यस अवसरमा उहाँले चुनाव अवधि अनि चुनाव पछि कानुन व्यवस्था सुदृढ राख्न सहयोग गरेको भन्दै भाजपा तथा पुलिस प्रशासनको भूमिकाको पनि सम्मान गर्नुभयो। साथै, भविष्यमा भाजपाले जुनसुकै नयाँ व्यवस्था दिए पनि त्यसको निर्वाचन प्रक्रियामा सहभागी हुने बताउनुभएको छ।

उहाँले आजदेखि चुनावमा लगाइएको आचार संहिता पनि समाप्त भएको अनि जनताको सेवक भएपछि जनताकै हितको कार्यमा संलग्न रहनु अनि जनताको कार्यलाई प्राथमिकता दिएर अघि बढ्नु उहाँको प्राथमिकता रहेको बताउनुभएको छ। उहाँले आज लालकोठीमा पुगेर प्रशासनका एक्जिक्युटिभ डिरेक्टरहरूसँग बैठक बसेर दैनिक कार्य सुरु गरेको बताउनुभयो।

उहाँले पेन्डिङमा रहेका कार्यहरूलाई अब हामी चाँडै कार्यमा परिणत गर्ने पनि बताउनुभयो।

**सञ्जीव लामा पत्रकार सम्मेलन**

दार्जिलिङ जिल्ला भाजपा समितिका सदस्यहरूले वर्तमान राजनीतिक परिस्थिति बारे पत्रकार सम्मेलनको आयोजना गरेका छन्। विशेषगरी दार्जिलिङ पहाड र समग्र पश्चिम बंगालमा हालै विकसित राजनीतिक अवस्था बारे उनीहरूले आफ्नो धारणा राखेका छन्।पत्रकार सम्मेलनमा भाजपा दार्जीलिङ्ग जिल्ला अध्यक्ष सञ्जीव लामाले विपक्षी नेताहरूले दिएको अभिव्यक्तिको कडा शब्दमा निन्दा गरेका छन्। साथै सामाजिक सञ्जालमा भाइरल भइरहेको जी टी ए अध्यक्ष ,अनित थापा र राज्य सभा सांसद हर्षवर्धन शृङ्गलाको पुरानो तथा भ्रामक तस्वीर प्रति पनि आपत्ति जनाएका छन्।समितिका अध्यक्ष सञ्जीव लामाले लालकोठी घेराउ पूर्ण रूपमा गोजमुमो पार्टीको पहल भएको स्पष्ट पारे। उनले पश्चिम बंगालका विभिन्न स्थानमा भएका केही हिंसात्मक घटनाहरूको पनि निन्दा गर्दै भाजपा सधैं शान्ति र अहिंसामा विश्वास गर्ने पार्टी भएको बताएका छन्।

**********